## मिति २०७५/११/२१ गते बसेको सचिव बैठकका निर्णयहरु

| क. सं. | निर्णयहरु | जिम्मेवार निकाय/पदाधिकारी | सहयोगी निकाय | अनुगमन गर्ने निकाय/पदाधिकारी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | मिति २०७५/११/१५ गते ताप्लेजुङ्गमा भएको हेलिकोप्टर दुर्घटनामा परी निधन हुनुभएका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र प्रसाद अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप सचिव युवराज दाहाल, नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-महानिर्देशक विरेन्द्र प्रसाद श्रेष्ठ, निर्देशक ध्रुवदास भोछिभोया, यति एअरलाइन्सका प्रवन्ध निर्देशक आङछिरिङ शेर्पा, मन्त्री अधिकारीका अंगरक्षक नेपाली सेनाका जमदार अर्जुन घिमिरे र हेलीकोप्टर चालक प्रभाकर के. सी. प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै मृत आत्माको  चीर शान्तीको कामना सहित शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्ने निर्णय गरियो । | | | | |
| २ | केन्द्रीय सचिवालयको रुपमा रहेको ऐतिहासिक सिंहदरवारलाई व्यबस्थित, सुन्दर, हराभरा र नमुनाको रुपमा बिकास गर्न हाल भई रहेको सिंहदरवार सरसफाई एवम् सौन्दर्यीकरणको कामलाई निरन्तरता दिदै प्रत्येक निकायले यो अभियानमा निरन्तररुपमा आ-आफ्नो तर्फवाट पहल तथा योगदान गर्ने । | सबै मन्त्रालय/ सचिवालय/आयोग /कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ३ | सबै मन्त्रालय/निकायहरुले आफ्नो निकायको पुराना वेरुजुहरुको फछ्र्यौटमा तीव्रता दिने र नयाँ वेरुजु थप हुन नदिन विशेष सतर्कता अपनाउने । साथै, नेपाल सरकारले विभिन्न दातृ निकायवाट सोधभर्ना प्राप्त गर्न वाँकी रहेको रकम समयमा नै सोधभर्ना प्राप्तिको लागि सम्वन्धित मन्त्रालय/निकायहरुले विशेष पहल गर्ने । | सबै मन्त्रालय/ सचिवालय/आयोग /कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ४ | नेपालको संविधानको धारा ५३ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ वमोजिमका दुवै प्रतिवेदनको मस्यौदाहरु सवै सचिवज्यूहरु स्वंमले अध्ययन गरी मस्यौदाको विषयवस्तु, तथ्याङ्क लगायतका विषयहरुमा कुनै राय सुझाव वा प्रतिक्रिया भएमा तीन दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने । | सबै मन्त्रालय/ सचिवालय/आयोग /कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५/११/२५ |
| ५ | सबै मन्त्रालय/निकायहरुले अगामी आ. ब. २०७६/७७ को नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी समयसीमा भित्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलव्ध गराउने । नीति तथा कार्यक्रम तयार गर्दा पछिल्लो १०/१५ बर्षमा नेपाल सरकारले घोषणा गरेका नीतिहरुको समिक्षा गरी वर्तमान सरकारको घोषणा पत्र, पन्ध्रौ योजनाको आधारपत्र तथा अन्य सान्दर्भिक विषयहरुलाई समेत आधार बनाई कार्यान्वयनशील नीति तथा कार्यक्रम तर्जुमा गर्ने । | सबै मन्त्रालय/ सचिवालय/आयोग /कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५/११/३० |

मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं